घोडाघोडी स्थानीय राजपत्र

# घोडाघोडी नगरकार्यपालिकाको कार्यालय द्वारा प्रकाशित

सुखड, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

| भाग २ | वर्ष ३ | अंक २५ | २०७६ साउन ६ गते, सोमबार |
| --- | --- | --- | --- |

घोडाघोडी नगरकार्यपालिकाबाट मिति २०७६।०३।३१ मा स्वीकृत भएको **घर बहाल तथा विटौरी शुल्क संकलन कार्यविधि** २०७६ स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीका लागि प्रकाशन गरिएको छ ।

## प्रस्तावना :

नगरपालिकालाई स्थानीय स्रोतको परिचालनमा सक्षम र प्रभावकारी बनाउन तथा संविधान तथा कानूनद्वारा प्रदत्त राजस्व अधिकारको उपयोग गर्दै स्थानीय शुल्क संकलन र व्यवस्थापनमा आत्मनिर्भर बनाउन यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने सम्पुर्ण सरकारी सार्वजनीक, ऐलानी (प्रती) जग्गा, ७ नं. प्रती जग्गाहरुलाई उपभोग गरे वापत उपभोग कर्ताहरु बाट शुल्क स्वरुप शुल्कको दायरामा ल्याउने सम्बन्धमा संविधानको धारा २२८ को उपधारा २ बमोजिम कार्यविधि व्यवस्था गर्न वाञ्छनीय भएकोले, घोडाघोडी नगरकार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद - १
## परिभाषा र व्याख्या

**१. संक्षिप्त नाम तथा प्रारम्भ :**

(क) यो कार्यविधिको नाम **घर बहाल तथा विटौरी शुल्क संकलन कार्यविधि, २०७६** रहेको छ ।

(ख) यो कार्यविधि २०७६ श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "प्रमुख" भन्नाले नगर कार्यपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ख) "उपप्रमुख" भन्नाले नगर कार्यपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(ग)"कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनुपर्छ ।

(घ)"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ङ) "नगरपालिका" भन्नाले घोडाघोडी नगरपालिका सम्झनु पर्छ ।

(च) "७ नं. प्रति जग्गा" भन्नाले नक्साङकन भएको अथवा फिल्ड बुक कायम भएको जग्गा सम्झनु पर्छ ।

छ) "विटौरी" भन्नाले घोडाघोडी नगरपालिकाको क्षेत्र भित्र रहेको सम्पुर्ण सरकारी सार्वजनीक, ऐलानी (प्रती) जग्गा, ७ नं. प्रती जग्गाहरुलाई समेत लाई सम्झनुपर्दछ ।

(ज) "विटौरी शुल्क" भन्नाले घोडाघोडी नगरपालिकाको क्षेत्र भित्र रहेको सम्पुर्ण सरकारी सार्वजनीक, ऐलानी (प्रती) जग्गा, ७ नं. प्रती जग्गाहरुलाई कुनै व्यक्ति वा संघ संस्थाहरुले उपभोग गरे वापत नगरपालिकाले निर्धारण गरे बमोजिम प्रति बर्ष नगरपालिकमा बुझाउनु पर्ने शुल्क लाई सम्झनुपर्दछ ।

घोडाघोडी स्थानीय राजपत्र

(झ) "ऐलानी जग्गा" भन्नाले नक्साङकन नभएको अथवा फिल्ड बुक कायम नभएको जग्गा सम्झनु पर्छ ।

## परिच्छेद - २
## घर बहाल तथा विटौरी शुल्कको दर मुल्याङ्कन

**३. घर शुल्कको दर :** नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्र पर्ने सरकारी सार्वजनीक, ऐलानी (प्रती) जग्गा, ७ नं. प्रती जग्गाहरुमा बनेका घरहरुको शुल्क **अनुसूची १** को ढाँचामा उल्लेख भए बमोजिम कार्यपालिकाबाट स्विकृत भई नगरसभाबाट अनुमोदन गरि लागु हुनेछ ।

**४. घर बहाल शुल्क :**

शुल्क लगाउने प्रयोजनकालागी नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सार्वजनीक, ऐलानी (प्रती) जग्गा, ७ नं. प्रती जग्गामा घर वा टहरा निर्माण गरि व्यापारिक प्रयोजनमा उपयोग गरि राखेका व्यक्तिहरुलेउक्त व्यापारिक क्षेत्रको क्षेत्रफलको आधारमा आम्दानी गरिरहेको अंकको १० प्रतिशतले हुन आउने रकम घर बहाल शुल्कको रुपमा नगरपालिकामा वा अर्न्तगतका वडा कार्यालयहरुमा बुझाउनुपर्ने छ ।व्यापारिक प्रयोजनमा उपयोग भईरहेका संरचनाहरुको आम्दानी अंकको १० प्रतिशतले हुन आउने रकम शुल्क बापत नबुझाउने उपभोग कर्तालाई नगरपालिकाबाट उपलब्ध गराइने सेवा र सुविधाहरु उपलब्ध गराउन बाध्य हुने छैन ।

**५. घर शुल्क मूल्यांकन :**

दफा ३ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्र पर्ने सरकारी सार्वजनीक, ऐलानी (प्रती) जग्गा, ७ नं. प्रती जग्गाहरुमा घर बनाई उपभोग गरे वापत वार्षिक रुपमा सम्पती शुल्क तिर्नुपर्ने छ । उक्त घर, जग्गाको मूल्यांकन गर्दा स्थानीय स्तरको रजिष्ट्रेशन पास गरि स्वामित्व कायम गरेको (नम्मरी) घरजग्गाधनीले तिर्दै आएको मूल्यांकन अंकको ७० प्रतिशतले हुन आउने रकम घर जग्गा तथा सम्पती शुल्क कायम गरि हुन आउने रकम घरजग्गा शुल्कको रुपमा लिईनेछ ।

**६. विटौरी शुल्क निर्धारण :**

(क) नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्र पर्ने सरकारी सार्वजनीक, ऐलानी (प्रती) जग्गा, ७ नं. प्रती जग्गाहरु उपभोग गरे वापत उक्त क्षेत्रको स्थानीय स्तरको रजिष्ट्रेशन पास गरि स्वामित्व कायम गरेको (नम्मरी) जग्गाधनीले तिर्दै आएको मूल्यांकन अंकको ५० प्रतिशतले हुन आउने रकम एकिकृत सम्पती शुल्कको रुपमा **अनूसुचि-२** मा उल्लेख भए अनुसार लिईनेछ ।

(ख)उक्त शुल्क प्रत्येक वडाले आफ्नो वडा भित्र पर्ने सरकारी सार्वजनीक, ऐलानी (प्रती) जग्गा, ७ नं. प्रती जग्गाहरु समेतको स्थलगत निरिक्षण गरि उपभोग कर्ताले चर्चेको जग्गाको क्षेत्रफल एकिन गरि विवरण अद्यावधिक गर्ने र सोही विवरणका आधारमा शुल्क निर्धारण गरे अनुसार उठाईनेछ ।

(ग) बिटौरी शुल्कका लागि निर्धारण गरिएको जग्गाको क्षेत्रफल उपभोगकर्ताको अद्यावधिक विवरणको रुपमा मात्र मान्ने हुनेछ ।

(घ) कुनै व्यक्तिले सरकारी सार्वजनीक, ऐलानी (प्रती) जग्गा, ७ नं. प्रती जग्गाहरु उपभोग गरि नगरपालिका लाई तिर्नुपर्ने शुल्क नबुझाएमा नगरपालिका बाट उपलब्ध गराईने सेवाहरु बाट

दोगडाकेदार स्थानीय राजपत्र

बञ्चित गराईनुका साथै भूमि व्यवस्थापनको कार्य संघीय, प्रदेश वा स्थानीय सरकार बाट अगाडी बढाईएमा अद्यावधिक नभएको विवरण समावेश गरिने छैन ।

(ङ) कुनै व्यक्तिले उपभोग गरेका जग्गाको क्षेत्रफल थपघट गरि झुटो विवरण पेश गरेको पाईएमा झुटो विवरण पेश गरि विवाद सिर्जना गर्ने व्यक्तिका उपर उभिन नगरपालिका बाध्य हुने छैन । उपभोक्ताले उपभोग गरेका जमिनको क्षेत्रफलका सम्बन्धमा विवाद उत्पन्न भएमा स्थलगत रुपमा वास्तविक जग्गाको क्षेत्रफल जति छ, सोही मात्र उपभोग गरेको मानिने छ ।

(च) संघीय कानून वा प्रादेशिक कानून का साथै अन्य निर्देशन, परिपत्र मार्फत जारी गरेका विषयबस्तुहरु संग यस कार्यविधिमा उल्लेखित कुराहरु बाझिन गएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

(छ) विटौरी शुल्क लिए वापत कुनै पनि सरकारी सार्वजनीक, ऐलानी (प्रती) जग्गा, ७ नं. प्रती जग्गाहरुको स्वामित्व व्यक्ति, संघ संस्थाहरुले आफ्नो नाममा कायम गर्न पाउने छैन र शुल्क तिरे वापत स्वामित्व कायम भएको ठहर गरि कहि कतै उजुरवाजुर गर्न पाईने छैन, उजुरवाजुर गरेमा यहि कार्यविधिमा उल्लेख भए अनुसार अमान्य हुनेछ ।

**७.शुल्क नलाग्ने :** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको सम्पत्तिमाघर बहाल तथा विटौरी शुल्क लाग्ने छैन :-

(क) सरकारी अस्पतालको भवन र जग्गा,

(ख) गुठीको स्वामित्वमा रहेको जग्गा,

(ग)सरकारी शिक्षण संस्था र अन्य सरकारी निकायको स्वामित्वमा रहेको भवन र जग्गा,

(घ) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को भवन र जग्गा,

(ङ) खानेपानी सङ्कलन पोखरी, हवाई मैदान, विद्युत उत्पादन गृह, मसानघाट, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरू ।

(च) राजदूतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका भवन र जग्गा ।

(छ) नगरकार्यपालिकाले स्थानीय परिवेशको आधारमा तोकेको सम्पती ।

(ज) माथी उल्लेखित भएको भन्दा बाहेक नीजि सम्पत्तिमा संरचना निर्माण गरि आय आर्जन हुने गरि व्यापारिक प्रयोजनमा उपयोग गरिएका संरचनाहरुमा भने शुल्क लगाउन सकिनेछ ।

## परिच्छेद - ३

## घर बहाल तथा विटौरी शुल्कको अभिलेख सम्बन्धी व्यवस्था

**८. घर बहाल तथा विटौरी शुल्कसंकलन विधि :** (१) नगरपालिकाले विवरण संकलनका लागि नगरपालिकाको आफ्नै स्रोत र प्रयासबाट नगरपालिका क्षेत्रमा रहेका प्रत्येक व्यक्तिका नाममा रहेको सम्पत्तिको पहिचान गरी लगत तयारी तथा अद्यावधिक गर्न स्थलगत सर्वेक्षण विधि वा शुल्कदाता स्वयंले उपलब्ध गराएको विवरणका आधारमा प्रत्येक व्यक्तिले उपभोग गर्दै आएको सम्पत्तिको पहिचान गर्ने विधीमध्ये कुनै एक वा मिश्रित विधि प्रयोग गरी घर बहाल तथा विटौरी शुल्क लागत तयार गर्न सक्नेछ ।

**९.स्वयं विवरण दाखिला सम्बन्धी व्यवस्था :** (१) सम्पत्ति उपभोग कर्ताहरुलाई विवरण फाराम भर्न सहयोग गर्नका लागि नगरपालिकाले आवश्यकता अनुसार स्थानीय संघसंस्था, सामुदायिक संस्था, टोल विकास संगठन तथा स्वयंसेवकहरूलाई परिचालन गर्न सक्नेछ ।

(२) कुनै शुल्कदाताले सम्पत्तिको विवरण दाखिला गरेपछि जग्गाको स्वामित्वमा परिवर्तन वा संरचना निर्माणका कारणले सम्पत्ति थपघट भएमा प्राप्त गर्नेले वा निर्माण गर्नेले सोको प्रमाण सहितको विवरण पैंतीस (३५) दिनभित्र नगरपालिकामा बुझाउनु पर्नेछ ।

१०. **घर बहाल तथा विटौरी शुल्क अभिलेख सम्बन्धी व्यवस्था :** (१) नगरपालिकाले वडागत रूपमा शुल्कदाताको लागत खडा गरी प्रत्येक सम्पत्ति उपभोग कर्ताको सम्पत्तिको छुट्टाछुट्टै विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेछ ।

(२) घर बहाल तथा विटौरी शुल्क अभिलेखलाई पुष्टी गर्ने कागजातहरु संकलन गरी व्यवस्थित रुपले फाईलिङ्ग गरी अद्यावधिक राख्नु पर्नेछ । यसको जिम्मेवारी सम्बन्धीत वडा कार्यालयहरुलाई दिइनेछ ।

## परिच्छेद - ४

## घर बहाल तथा विटौरी शुल्ककोबिलिङसम्बन्धी व्यवस्था

११. **शुल्क बिलिङ :** (१) घर बहाल तथा विटौरी शुल्क निर्धारण भइसकेपछि शुल्कको बिजक तयार गरी शुल्कदातालाई उपलब्ध गराउनु पर्दछ ।

(२) घर बहाल तथा विटौरी शुल्क बिजकको पहिलो प्रति सम्बन्धित शुल्कदातालाई उपलब्ध गराई दोस्रो प्रति सम्बन्धित शुल्कदाताको फाइलमा राख्नु पर्नेछ ।

(३) नगरपालिकाबाट घर बहाल तथा विटौरी शुल्कको बिजक तयार भइनसकेको अवस्थामा शुल्कदाताले शुल्क बुझाउन चाहेमा तत्कालै बिजक तयार गरी असुल गर्नु पर्नेछ ।

## परिच्छेद - ५

## दण्ड जरिबाना सम्बन्धी व्यवस्था

१२. **विवरण दाखिला नगरेमा जरिबाना हुने :** (१) नगरपालिकाले सम्पत्ति विवरण दाखिला गर्न तोकेको म्यादभित्र दाखिला नगरेमा सम्पत्तिको विवरण बुझि जरीमाना समेत लिनेछ ।

(२) सम्पूर्ण जग्गाको विवरण दाखिला नगरेको, सडकले छोएको सम्वन्धी विवरण सहि नदिएको, संरचनाको पूरा तल्लाको संख्या उल्लेख नगरेको, एक तल्लाको क्षेत्रफलमा पन्ध्र प्रतिशतभन्दा बढी फरक पारेको, संरचनाको प्रकार तथा बनोटको किसिम फरक पारेको र संरचनाको प्रयोग सम्बन्धमा गलत विवरण दाखिला गरेको पाइएमा सोलाई झूट्टा विवरण दाखिला गरेको मानी सोही बमोजिम जरिबानासमेत असुलउपर गरिनेछ ।

(३) कुनैसम्पत्ति उपयोग कर्ताले झूट्टा विवरण दाखिला गरेको भनी नगरपालिकामा उजुरी प्राप्त भएमा सो उजुरीउपर ३५ दिनभित्र जाँचबुझ गरिटुंगो लगाउनु पर्नेछ ।

## परिच्छेद- ६

## विविध

१३. **परामर्शदाता नियुक्त गर्नसक्ने** : घर बहाल तथा विटौरी शुल्कको मूल्यांकन गरी बिजक तयार गर्ने काम मौजुदा कर्मचारीबाट निर्धारित समयमा सम्पन्न गर्न नसकिने भएमा नगरपालिकाले समय, लागत र कार्य क्षेत्र तोकी छोटो अवधिका लागि परामर्शदाता नियुक्त गरी कार्य गर्न सक्नेछ ।

१४.**कर्मचारीलाई अतिरिक्त समय कार्य गराए बापत सुविधा दिनसक्ने** : घर बहाल तथा विटौरी शुल्कको मूल्यांकन गरी बिजक तयार गर्ने काम कार्यालय समयभित्र सम्पन्न गर्न नसकिने अवस्था भई अतिरिक्त समय कार्य गराउनुपर्ने भएमा मौजुदा कर्मचारीलाई थप सुविधा दिई काम गरेको समयको अद्यावधिक विवरणका आधारमा सूविधा दिन सकिनेछ ।

१५. **कागजातको गोप्यता** :घर बहाल तथा विटौरी शुल्क प्रयोजनका लागि शुल्कदाताबाट प्राप्त कागजात तथा अभिलेख गोप्य राखिनेछ ।

१६. **अधिकार प्रत्यायोजन** : यो कार्यविधि बमोजिम प्रमुख प्रशासकीय अधिकृतले आफुलाई प्राप्त अधिकार मातहतका कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१७. **कार्यविधीको व्याख्या**ः यो कार्यविधिको अन्तिम व्याख्या कार्यपालिका वा कार्यपालिकाको अधिकार प्राप्त निकायले गर्नेछ ।

१८. **कार्यविधी संशोधन** :यस कार्यविधि लाई नगरपालिकाको आवश्यकता र समय सान्दर्भिक हुने गरि संसोधन तथा परिमार्जन गर्न सकिनेछ ।

घोडाघोडी स्थानीय राजपत्र

अनुसूची- १

(दफा ३ सँग सम्बन्धित)

## घर शुल्कको मुल्यांकन दर

| क्षेत्र | | संरचनाप्रति वर्ग फिट रु. | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आर.सि.सि. फ्रेम स्ट्रक्चर | | सिमेण्ट जोडाईमाइट्टावा ढुङ्गाको गारो - आर.सि.सि. छाना | | माटोको जोडाईमाइट्टावा ढुङ्गाको गारो - आर.सि.सि. वा सिमेण्ट जोडाईमाइट्टावा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | | माटोको जोडाईमाइट्टावा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | | सेड वा कच्ची घर | |
| | | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | ब्यापारिक, औद्योगिकतथा संस्थागत | बसोवास | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास |
| क | व्यापारिक क्षेत्र | ८४० | ७०० | ७०० | ५६० | ५६० | ४२० | ४२० | ३५० | ३१५ | ३१५ |
| ख | आवासीय क्षेत्र | ७०० | ५६० | ५६० | ४९० | ४२० | ३५० | ३५० | २८० | २८० | २४५ |
| ग | कृषि क्षेत्र | ५६० | ४२० | ४९० | ४२० | ३५० | २८० | ३१५ | २८० | २८० | २४५ |
| घ | बन तथा वगर क्षेत्र | ५६० | ४२० | ४९० | ४२० | ३५० | २८० | ३१५ | २८० | २८० | २४५ |

घोडाघोडी स्थानीय राजपत्र

अनुसूची- २

(दफा ६ सँग सम्बन्धित)

## विटौरी शुल्कको दर

| शुल्कयोग्यसम्पत्तिको मूल्य | बार्षिक दर |
|---|---|
| दश लाख रुपैयाँसम्मको मूल्यांकनमा | एक मुष्ठ रु ५० |
| दश लाख एक रुपैया देखि बिस लाख रुपैयाँसम्म | प्रति लाख रु ५ |
| बिस लाख एक देखि तीस लाख रुपैयाँसम्म | प्रति लाख रु ७.५० |
| तीस लाख एक देखि चालीस लाख रुपैयाँसम्म | प्रति लाख रु १० |
| चालीस लाख एकरुपैयाँदेखि पचास लाख रुपैयाँसम्म | प्रति लाख रु १५ |
| पचास लाख एक रुपैयाँदेखि एक करोडरुपैयाँसम्म | प्रति लाख रु २० |
| एक करोड एक रुपैयाँदेखि तीन करोड रुपैयाँसम्म | प्रति लाख रु २५ |
| तीन करोड एकरुपैयाँदेखि माथि | प्रति लाख रु ३० |

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत

घोडाघोडी स्थानीय राजपत्र